नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.:०९६-४२०१३३
०९६-४२०५५५
फ्याक्स नं.: ४२०१५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

पत्र संख्याः-२०८३/०८४
च.नं. ५५

मितिः २०८३/०४/०७
ने.सं. ११४६

विषयः बार्षिक प्रगती प्रतिवेदन पठाईएको वारे।

श्री गृह मन्त्रालय,
(नीति योजना तथा अनुगमन शाखा)
सिंहदरबार काठमाडौं।

उपर्युक्त विषयमा यस कार्यालयवाट आ.व. २०८२।०८३ को मिति २०८२।०४।०१ देखी २०८३ साल अषाढ मसान्तसम्म सम्पादन गरेको कार्यहरुको बार्षिक प्रगती प्रतिवेदन तयार गरी यसै साथ सीलान राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ।

अमर बहादुर वली
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

डडेल्धुरा

# जिल्ला प्रशासन कार्यालय डडेल्धुराको बार्षिक प्रतिवेदन

# २०८२/०८३

## १. डडेल्धुरा जिल्लाको संक्षिप्त परिचय :

नेपालको सुदुर पश्चिम प्रदेश अन्तरगत पर्ने डडेल्धुरा प्राकृतिक सौन्दर्यताले भरिपुर्ण जिल्ला हो । सुदुरपश्चिम प्रदेशका ९ वटा जिल्ला मध्ये डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ र बाजुरा जिल्लामा जाने बाटो यहि डडेल्धुरा जिल्ला हुदै जान्छ । सुदुरपश्चिम प्रदेशको Hill Station को रुपमा रहेको सु.प. प्रदेशका अन्य पहाडी तथा हिमाली जिल्लाको प्रवेश बिन्दुको रुपमा रहेको डडेल्धुरा जिल्लाको महत्व सुदुरपश्चिम प्रदेशमै विशेष रहेको छ । साविक महाकाली तथा सेती अञ्चलका बिभिन्न जिल्लाका मानिसहरु आवात जावत गर्ने केन्द्रको रुपमा रहेकोले यस जिल्लामा शान्ति सुरक्षा, अपराधिक गतिविधि तथा सवारी दुर्घटनाको दृष्टिकोणले अलि बढी संबेदनशील हुदै गएको छ । ५ वटा गाउँपालिका र २ वटा नगरपालिका रहेको यस जिल्लाको कूल जनसंख्या मध्ये झण्डै आधा जनसंख्या जिल्लाको दक्षिणी भेगमा पर्ने भित्री मधेसका आलिताल गाउँपालिका र परशुराम न.पा. मा बसोबास गर्दछन् । भित्री मधेसमा पर्ने यी स्थानीय तहमा अधिकांश मानिसहरु अन्य जिल्लाबाट बसाँइ सराई गरी आएका बातिन्दाहरु बसोबास गर्दछन । त्यसैले यी बिबिध बस्तुगत तथ्यको आधारमा शान्ति सुरक्षाको दृष्टिकोणले यस जिल्लाको भित्री मधेश क्षेत्र दिन प्रतिदिन संबेदनशील बन्दै गएको छ । अमरगढी नगरपालिका बार्ड नं. ५ खलंगामा सदरमुकाम रहेको यो जिल्ला अत्यन्त मनोरम, भौगोलिक विविधतायुक्त, समथर भित्री मधेस, चुरे श्रृङखला, महाभारत पर्वत, घना हरियाली वन जंगल, उग्रतारा, घटाल, भागेश्वर आदि धार्मिक महत्वका शक्ति पिठहरु, आलिताल लगायत अन्य ताल तलैयाहरु, नदिनालाहरु, शिखर लेक जस्ता प्राकृतिक स्थलहरु रहेको सास्कृतिक, ऐतिहासिक र भौगालिक महत्वले यो जिल्ला भरिपूर्ण छ साथै यस जिल्लाको सदरमुकाममा अमरगढी किल्ला र अमरसिंह थापाको सालिकले झनै आकर्षित तुल्याएको छ । यस जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको उत्तराखण्डको चम्पावत जिल्ला, उत्तरमा वैतडी, दक्षिणमा कैलाली र कञ्चनपुर जिल्ला रहेका छन् । यस जिल्लाको करिव ७५ प्रतिशत भू-भाग वनजंगलले ढाकेको छ । यस जिल्लाको संक्षिप्त परिचय निम्नानुसार रहेको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## १.१: भौगोलिक अवस्थाः

१५३८ बर्ग कि.मी. क्षेत्रफल रहेको डडेल्धुरा जिल्लाको पूर्वमा डोटी, पश्चिममा भारतको उत्तराखण्डको चम्पावत जिल्ला र महाकाली नदी, उत्तरमा वैतडी, दक्षिणमा कैलाली र कन्चनपुर जिल्लासंग सिमाना जोडिएको छ । यो जिल्ला ८०' १२" पूर्व देखि ८०' ४७" पूर्व देशान्तरसम्म र २८' ५९" उत्तर देखि २९' २६" उत्तर आक्षांससम्म फैलिएको छ भने ४६२ मीटरको उचाई देखि २६३९ मीटर उचाईसम्म भएको भित्रि मधेश चुरे पहाड देखि महाभारतको लेक, घनघस्या, तुषरानी जस्ता नामचलेका लेक यस जिल्लामा रहेका छन ।

## १.२: प्राकृतिक स्वरुपः

यस जिल्लाको दक्षिणि भु-भाग आलिताल गाउँपालिका र परशुराम नगरपालिका क्षेत्रमा उष्ण र बाँकी पहाडी भु-भागमा समशितोष्ण हावापानी पाईन्छ । सदरमुकाममा गर्मी याममा ३२ डिग्री सेल्सीयस सम्म र जाडोयाममा ० डिग्री सेल्सीयस सम्म तापक्रम रहन्छ भने वर्षा याममा १३४३ मि.मि. सम्म वर्षा हुने गर्दछ । प्राकृतिक हिसावले यस जिल्लाको क्षेत्रफललाई निम्मानुसार विभाजन गर्न सकिन्छ :

| क.सं. | विवरण | क्षेत्रफल (हेक्टर) |
|---|---|---|
| १ | कृषि योग्य क्षेत्रफल | २५,६१० हेक्टर |
| २ | बस्ती नदिनाला र बाटोले ओगटेको क्षेत्रफल | १३,४४५ हेक्टर |
| ३ | वन | १,१४,७३६ हेक्टर |
| . | जम्मा | १,५३,८०० हेक्टर |

## १.३: प्राकृतिक सम्पदाः

### (क) प्रमुख नदिनालाहरुः

यहाँको प्रमुख नदिनालाहरुमा महाकाली र सेती पर्दछन् । तर यी नदीहरुलाई जिल्लाको आर्थिक बिकासको दृष्टिकोणले हालसम्म उपयोगमा ल्याउन सकिएको छैन् । अन्य मुख्य सहायक खोलाहरुमा रंगुन, रडुवा, पन्तुरा, रुपाली गाड, घटाल, सुर्नायाँ, रुवाखोला, सकायल, तिलाडीगाड, दोगाड, आरा, सिर्प, कलेना, लोपा, सिराड, सादनी, ठूलिगाड, डोटीगाड आदि पर्दछन ।

### (ख) वन जंगलः

कुल भु-भागको लगभग ७५ प्रतिशत वनजंगलले ढाकीएको यस जिल्लाको दक्षिणी भेगमा उष्ण सदाबहार सल्ला, साल, सिसम जस्ता वृक्षहरु भरीभराउ भई हरियाली तथा प्राकृतिक दृष्टिकोणले सुसम्पन्न वनजंगल छन भने उच्च पहाडी भेगमा समशितोष्ण कोणधारी वनजंगलले सजिसजाउ छन । यस जिल्लामा रहेको वनको क्षेत्रफल निम्नानुसार रहेको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| क्र.सं. | वनको प्रकार | क्षेत्रफल (हेक्टर) |
| --- | --- | --- |
| १ | कुल वन क्षेत्र | १,१४,७३६.५० हेक्टर |
| २ | सरकारी वन क्षेत्र | ९७,८४६.२० हेक्टर |
| ३ | सामुदायिक वन क्षेत्र | १६,८८९.४१ हेक्टर |

(ग) वन्यजन्तु :

यस जिल्लामा पाईने प्रमूख बन्य जन्तुहरुमा बाघ, चितुवा, भालु, घोरल, थार, जरायो, दुम्सी, रतुवा, बादर, स्याल, लंगुर, बँदेल आदि हुन् ।

(घ) झरना र ताल :

यस जिल्लाको विशेष उल्लेखनिय ताल तथा झरनाहरुमा आलिताल गाउँपालिकामा रहेको ३०० मिटर लम्वाई ८० मीटर चौडाई २० मीटर गहिराई भएको आलिताल र बोडापाथी पर्दछन। भागेश्वर गाउँपालिका अन्तरगत साहिलको झरना, आलिताल गाउँपालिकाकै कुमोडगाड झरना आदि उल्लेखनीय छन ।

## १.४: सामाजिक अवस्था

क) जनसंख्या:

यस जिल्लामा ७३,७१० महिला र ६५,८९२ पुरुष गरी कुल जनसंख्या १,३९,६०२ रहेको छ । यस जिल्लामा विभिन्न जनजाति सम्प्रदायका मानिसहरुले बसोबास गरेको भएतापनि धार्मिक विषयलाई लिएर कुनै पनि सम्प्रदाय विच विवाद उठेको घटना भने कुनै वस्ती, समुदाय र सम्प्रदायहरुमा भएको पाइदैन । यस जिल्लामा हिन्दूहरुको बाहुल्यता भएतापनि हिन्दू बाहेक अन्य विभिन्न जाति तथा धर्मका मानिसहरुले समेत बासोबास गर्दै आएका छन ।

जुन यस प्रकार छन:

(क) हिन्दू: ९९.७२ प्रतिशत
(ख) बौद्ध: ०.१५ प्रतिशत
(ग) मुस्लिम: ०.२ प्रतिशत
(घ) जैन: ०.२ प्रतिशत
(ङ) क्रिश्चियन: ०.७ प्रतिशत
(च) अन्य: ०.२ प्रतिशत

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

ख) बसाँइ सराई :

कम भू-स्वामित्व तथा रोजगारीको अवसरको कमीले गर्दा जिल्लाको पहाडी भागबाट अन्यत्र बसाँइ सराई गर्ने र अन्य विकट जिल्लाहरुबाट यस जिल्लाको भित्री मधेशमा बसाँइ सराई गर्ने क्रम तिब्र रहेको तथ्याङ्कबाट देखिन्छ । विगत ५ वर्षको तथ्याङ्कले ८.९ प्रतिशत अन्यत्र र जिल्ला भित्र ४.३ प्रतिशत बसाँइ सराई गरेको पाईन्छ । बसाँइ सराईका कारण गाँउबस्तीहरु रित्तिने क्रममा रहेका छ । जसका कारण उत्पादनशील जमिन समेत बाँझिने अवस्था सृजना भएको छ ।

ग) महत्वपूर्ण धार्मिक स्थलहरु:

- घटाल थान
- परशुराम धाम मन्दिर
- उग्रतारा मन्दिर
- भागेश्वर मन्दिर
- डागेश्वरी मन्दिर
- समैजि मन्दिर
- अश्राम मन्दिर
- गन्यापधुरा
- सहस्रलिङ्ग

घ) ऐतिहासिक स्थल :

अजयमेरु गाउँपालिका अन्तर्गत पर्ने अजयमेरु कोट तथा अमरगढी नगरपालिका स्थित अमरगढी किल्ला यस जिल्लाको प्रमुख ऐतिहासिक स्थलको रुपमा प्रसिद्ध छन् ।

## २) कार्यालयको परिचय र क्षेत्राधिकार:

जिल्ला स्थित सरकारी कार्यालयहरुमा जिल्ला प्रशासन कार्यालय विशिष्ट महत्व राख्ने कार्यालय हो । यस कार्यालयले आफ्नो निर्धारित काम भन्दा पनि जिल्लामा भैपरी आउने अन्य बिविविध काममा व्यस्त रहनु पर्दछ । यस कार्यालयबाट विशेष गरी जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, विकास निर्माण कार्यमा सुरक्षा, समन्वय र अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने, जिल्लाको समग्र वस्तुस्थितिको जानकारी लिई सम्बन्धित निकायमा प्रतिवेदन तथा सिफारिस गर्ने, जिल्लाको प्रशासनिक, विकास निर्माण तथा सेवा प्रवाहलाई सहज बनाई सुशासन कायम गर्न सहजीकरण गर्ने कार्य हुदै आएको छ । संघ, प्रदेश र स्थानीयतह बीच समन्वय गर्ने एवं संघीय सरकारको जिल्ला स्थित प्रमुख प्रतिनिधी कार्यालयको रुपमा रहि आएको यस कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कामहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

१. १६ वर्ष उमेर पुगेका जिल्लाका नेपाली नागरिकहरुलाई रितपूर्वकको आवेदन लिई नेपाली नागरिकताको प्रमाणपत्र, सो को प्रतिलिपि प्रदान गर्ने, ।
२. राहदानी वितरण तथा विवरण संकलन गर्ने ।
३. राष्ट्रिय परिचय-पत्रको विवरण प्रविष्ट गर्ने र तयार भई आएका राष्ट्रिय परिचय-पत्र वितरण गर्ने ।
४. संस्था दर्ता ऐन, २०३४ बमोजिम गैर नाफामूलक गैरसरकारी संस्था दर्ता तथा नविकरण गर्ने ।
५. यस अघि दर्ता भएका हातहतियारको लाइसेन्सको नविकरण गर्ने, नामसारी तथा हतियार खरिदका लागि रितपूर्वक पेश हुने आवेदन सिफारिस गर्ने ।
६. कार्यालयमा पेश हुन आएको गुनासो तथा ठाडो उजुरी उपर छानबिन गरी आवश्यक कारवाही गर्ने ।
७. जिल्लामा शान्ति सुरक्षाको अवस्था सामान्य बनाइ राख्न आवश्यकता अनुसार जिल्ला स्थित विभिन्न राजनैतिक दल, नागरिक समाज, पत्रकार, नागरिक समाजका प्रतिष्ठित व्यक्तित्वहरुसंग बैठक, अन्तरक्रिया गरी समन्वय कायम गर्ने ।
८. जिल्लामा नेपाल सरकारको नीति, ऐन, कानून अनुसार सुशासन कायम गर्न सहजकर्ता तथा समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।
९. जिल्लामा सरकारी तथा गैर सरकारी निकायबाट सञ्चालन हुने विकास निर्माण कार्यक्रमको निरीक्षण अनुगमन गरी संबन्धित निकायमा सिफारिस गर्ने ।
१०. जिल्ला स्थित सरकारी कार्यालयहरुको निरीक्षण गरी कार्यालयमा अनुशासन, नियमितता, समयपालन, सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सहजीकरण गर्ने ।
११. द्वन्द पिडितहरुलाई तोकि आए बमोजिम राहत क्षतिपुर्ति तथा आर्थिक सहायता उपलब्ध गराउने र सो को लागि आवश्यक सिफारिस गर्ने ।
१२. विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने ।
१३. तोकिए बमोजिम अर्धन्यायिक कार्यालयको रुपमा न्याय सम्पादन गर्ने ।
१४. विभिन्न आयोग, मन्त्रालय, नियोगबाट समय समयमा तोकिएका र निर्देशन भए बमोजीमका अन्य कामहरु गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

३) यस कार्यालयबाट गत आ. व. २०८२।०८३ मा सम्पादन भएका कामहरुको विवरण :

| क्र.सं. | आर्थिक वर्षभरिमा सञ्चालन गरेका कार्यक्रम | सम्पादन गरेका कामहरु | इकाई | प्रगति | लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नागरिकता वितरण | नियमानुसार सेवाग्राहीलाई नागरिकता वितरण | संख्या | ५४७७ | - | |
| २ | नागरिकता प्रतिलिपि | पर्न आएका निवेदनहरु छानविन गरी नियमानुसार नागरिकताको प्रतिलिपि जारी गरिएको । | संख्या | ३७१८ | - | |
| ३ | राहदानीका लागि विवरण संकलन | पर्न आएका निवेदनहरु उपर नियमानुसार राहदानी तयार गर्न राहदानी विभागमा पठाईएको । | संख्या | १५०३ | - | |
| ४ | तयारी प्राप्त राहदानी वितरण | राहदानी विभागबाट तयारी भई यस कार्यालयमा प्राप्त भएका राहदानी सम्बन्धितलाई वितरण | संख्या | १५५३ | - | |
| ५ | संस्था दर्ता | नियमानुसार संस्था दर्ता गर्न आएका संस्थाहरुलाई दर्ता गर्ने । | संख्या | १३ | - | |
| ६ | संस्था नविकरण | नियमानुसार संस्था नवीकरण गर्ने | संख्या | ७५ | - | |
| ७ | नावालक परिचय पत्र प्रदान | नियमानुसार सेवाग्राहीलाई नावालक परिचय-पत्र वितरण | संख्या | २१ | - | |
| ८ | विभिन्न किसिमका सिफारिस एवं प्रमाणित | सेवाग्राहीका नामथर /जनजाती/दलित मधेसि समेत प्रमाणित | संख्या | ८७१ | - | |
| ९ | शान्ति सुरक्षा | नियमित रुपमा जिल्ला सुरक्षा समितिको बैठक बसी जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई सामान्य राख्ने कार्य भैईरहेको । | पटक | २९ | - | |
| १० | सुशासन सम्वन्धी | सुशासन सम्बन्धी समिति गठन | - | निरन्तर | - | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्य | भई कार्यान्वयन भैरहेको । | | | | |
| ११ | लैङ्गिक हिंसा सम्वन्धी कार्य | जिल्ला कार्ययोजना तयार गरी कार्यान्वयन भैरहेको | - | निरन्तर | - | |
| १२ | पत्रिका दर्ता | नियमानुसार पत्रपत्रिका दर्ता गर्ने गरिएको । | संख्या | २ | - | |
| १३ | हातहतियार सम्बन्धी कार्य | नियमानुसार नयाँ हतियारको लागि सिफारिस गर्ने, हतियार नामसारी गर्ने गरिएको । हातहतियार नविकरण | संख्या | ६१ | - | |
| १४ | कार्यालय प्रमुखहरुको बैठक | जिल्ला स्थित सम्पूर्ण कार्यालयहरुको मासिक रुपमा सम्पादन भएका कामकारवाही हरुको समिक्षा गर्ने गरीएको | पटक | १४ | - | |
| १५ | द्वन्द व्यवस्थापन सम्वन्धि कार्य | शान्ति तथा पुनर्निर्माण मन्त्रालयको निर्णय तथा प्राप्त अख्तियार अनुसार राहत रकम वितरण गर्ने गरिएको । | जना | ० | | |
| १६ | विपद व्यवस्थापन सम्वन्धि कार्य | जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको आयोजना। DPR Plan र मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण कार्यान्वयन खोज उद्दार तथा राहत। विपद् व्यवस्थापन स्थानीय समितिसंग बैठक समन्वय र सहकार्य । | पटक | ७ | - | |
| १७ | राहत वितरण | विपद् बाट प्रभावित व्यक्ति परिवारलाई तत्काल राहत वितरण | संख्या | ४१ परिवार | सिफारिस | |
| १८ | बजार अनुगमन | अनुगमन समितिबाट कार्य योजना तयार गरी अनुगमन भैरहेको । | पटक | १६ | - | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | अन्तर जिल्ला समन्वय बैठक | डडेल्धुरा-डोटी र डडेल्धुरा-बैतडी-डोटी बझाङ्ग जिल्लाहरुसंगको अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको | पटक | २ | - | |
| २० | राष्ट्रिय परिचय पत्रका लागि विवरण संकलन | नेपाली नागरिकताको प्रमाण लिई सकेका यस जिल्ला लगायतका अन्य जिल्लाका नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्रका लागि विवरण संकलन गर्ने कार्य भई रहेको । | संख्या | १४६३७ | - | |
| २१ | राष्ट्रिय परिचय पत्र वितरण | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट प्राप्त तयारी परिचय पत्रका कार्डहरु वितरण । | संख्या | ३४८३ | - | |

प्रमुख जिल्ला अधिकारी

## ४) अर्धन्यायिक कार्यः

यस कार्यालयमा पर्ने ठाडो उजुरी तथा मुद्दाहरुलाई आवश्यक छानविन गरी मुद्दाको फैसला गर्ने साथै जिल्लामा सार्वजनिक निर्माण तथा विकास निर्माणका कार्यहरुमा विवादित भै ति विवादित योजनाहरु तथा व्यक्तिगत समस्याहरु सम्वन्धमा ठाडो उजुरी परेमा सम्बन्धित संस्था, व्यक्तिहरुविच छलफल गराई आवश्यक छानविन गरी नियमनुसार सजाय गर्ने, जरिवाना गर्ने साथै मिलापत्र गराई मुद्दा फछ्यौट गर्ने गरिएको छ । यस आ.व.मा यस कार्यालयबाट सम्पादन गरिएका ठाडो उजुरी तथा फौजदारी मुद्दाहरुको विवरण निम्नानुसार तयार पारिएको छ ।

| सि.नं. | मुद्दा शिर्षक | गत आ.व.को जिम्मेवारी | चालु आ.व.मा दर्ता भएका संख्या | कुल संख्या | फछ्यौट भएको संख्या | बाँकी संख्या |
|---|---|---|---|---|---|---|
| १. | अभद्र व्यवहार | १ | २० | २१ | १८ | ३ |
| २. | सार्वजनिक शान्ति विरुद्धको कसुर | ० | ० | ० | ० | ० |
| ३. | जुवा | ० | १ | १ | १ | ० |
| ४. | ठाडो उजुरी | ० | ३७ | ३७ | ३७ | ० |
| | जम्माः | १ | ५८ | ५९ | ५६ | ३ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

४.१: आ.व. २०८२।०८३ को श्रावण महिना देखी ऐ. असारमसान्त सम्ममा कार्यालयमा सिधै वा नियामक निकायबाट प्राप्त उजुरी र गुनासाहरु फछ्र्योटको विवरणः

प्राप्त उजुरी संख्या : ३७ वटा | फछ्र्यौट संख्याः ३७ वटा | बाँकी संख्या : ० | प्रगती प्रतिशतः १०० प्रतिशत

| सि.नं. | मिति | उजुरी कर्ताको नामथर वतन | विपक्षीको नामथर वतन | उजुरीको बिषय | भएको कारवाही विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०८२।०४।०५ | टेक बहादुर भाट | उग्रतारा मा.वि. पोखरा | सम्भावित मानविय तथा भौतिक क्षति न्यूनिकरण गरि पाउँ | आ.का. का लागि जिल्ला अमरगढी न.पा डडेल्धुरामा पठाईएको । | |
| २. | २०८२।०४।०६ | जय राज दियाल | मिन राज जोशी | काम गरेको ज्याला रकम दिलाइ पाउँ | आ.का. का लागि गन्यापधुरा गा.पा. मा लेखी पठाईएको । | |
| ३. | २०८२।०४।११ | नारायण बहादुर खड्का | हिरेन्द्र बहादुर सिंह | काम गरेको ज्याला रकम दिलाइ पाउँ | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| ४. | २०८२।०४।१३ | कृषन लोहार | अर्जुन सिंह बोहरा | रकम असुल उपर गराई पाउँ | आ.का.का लागि डिभिजन वन कार्यालय डडेल्धुरामा लेखि पठाइएको । | |
| ५. | २०८२।०४।१३ | दान सिंह ऐर | तपेन्द्र बहादुर ऐर | काम गरेको ज्याला रकम दिलाइ पाउँ | दुवै पक्षलाई झिकाई छलफल गरी मिलापत्र गराईएको । | |
| ६. | २०८२।०४।३० | सुरेन्द्र प्रसाद | केशब कुँवर | वैदेशिक | आ.काका लागि जिल्ला | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ओझा | समेत ३ जना | रोजगारीको नाममा ठगी गरेको | प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| ७. | २०८२।०५।०३ | सुवास चन्द्र भट्ट | स्मार्ट टेलिकम | टावर हटाई भाडा रकम असुर उपर गराई पाउँ। | आ. का.का लागि जिल्ला प्रहरी कार्यालय र अमरगढी न.पा.मा पठाईएको । | |
| ८. | २०८२।०५।०३ | सुन्दरी बिष्ट | विद्युत प्राधिकरण | बिना करेन्टको बिजुलीको तार हटाई पाउँ । | आवश्यक कारवाहीका लागि विद्युत प्राधिकरणमा पठाईएको । | |
| ९. | २०८२।०५।०९ | देश भक्त | बिरभान रावल | सार्वजनिक जग्गामा कुखुराको खोर बनाई अतिक्रमण गरेको | स्थलगत निरिक्षण गरि सार्वजनिक जग्गामा कुखुराको खोर बनेको भए तत्काल हटाउन जिल्ला प्रहरी कार्यालयमा निर्देशन दिइएको | |
| १०. | २०८२।०५।१८ | गगन बहादुर रावत | राम दत्त भट्ट | काम गरेको रकम असुल उपर गराई पाउँ | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| ११. | २०८२।०६।३० | बिरेन्द्र बहादुर महर | भागा देवी ओली | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| १२. | २०८२।०७।०२ | पुष्कर शाही | केशब सिंह भाट | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि भागेश्वर गा.पा. डडेल्धुरामा लेखि पठाईएको । | |
| १३ | २०८२।०७।१४ | शम्भु | कृष्णा कुमारी | आवश्यक | आ.काका लागि जिल्ला | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पाल्पाली | ओली | कारवाही गरी पाउँ। | प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| १४. | २०८२।०७।२७ | रामचन्द्र जोशी | अमरगढी न.पा. | जग्गाको स्वामित्व सम्बन्धमा | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| १५ | २०८२।०८।०१ | जन्जाली कोली | प्रमोद चन्द | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| १६. | २०८२।०८।०२ | उदय सिंह बिष्ट | भिम बहादुर देउवा | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| १७ | २०८२।०८।०७ | ईश्वरी देवी खड्का | नरेश टमटा | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| १८. | २०८२।०८।०९ | देश भक्त | बासु कामी | नागरिकतामा जन्ममिति सच्चाई सामाजिक सुरक्षा भत्ता खाएको | निज बासु कामीले खादै आएको सामाजिक सुरक्षा भत्ता रोक्का राखी जानकारी पठाउन भागेश्वर गा.पा. मा लेखि पठाइएको । | |
| १९ | २०८२।०८।१७ | कल्पना लुहार | चेत लुहार | वैदेशिक रोजगारीको नाममा ठगी गरेको | आ.का. का लागि वैदेशिक रोजगार बिभागमा पठाइएको | |
| २०. | २०८२।०८।२२ | शोभा जोशी | कल्पना भट्ट | आवश्यक | आ.का. का लागि | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कारवाही गरी पाउँ। | जिल्ला समन्वय समितिमा पठाइएको | |
| २१. | २०८२।०८।२८ | जित बहादुर ऐर | अमरगढी न.पा. वडा नं. २ का बासिन्दा | सिंचाई योजना बन्द गरी पाउँ । | आ.का. का लागि अमरगढी न.पा.मा पठाइएको । | |
| २२. | २०८२।०९।०७ | सुरेश ताम्राकार | रेशम शाही | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| २३. | २०८२।०९।०७ | हरिलाल भण्डारी | दिपेन्द्र बिष्ट | वैदेशिक रोजगारीको नाममा ठगी गरेको | आ.का. का लागि वैदेशिक रोजगार बिभागमा पठाइएको | |
| २४. | २०८२।०९।१४ | खगराज बाहुन | शेर बहादुर साउद | वैदेशिक रोजगारीको नाममा ठगी गरेको | दुवै पक्ष राखी छलफल गराई मिलापत्र गराइएको । | |
| २५. | २०८२।०९।१६ | शेर बहादुर साउद | अनिल उप्रेती | वैदेशिक रोजगारीको नाममा ठगी गरेको | आ.का. का लागि वैदेशिक रोजगार बिभागमा पठाइएको | |
| २६. | २०८२।०९।१६ | लाल ढोली | रमेश टमटा | आवश्यक कारवाही गरी पाउँ। | आ.का.का लागि नापी कार्यालय डडेल्धुरामा पठाइएको । | |
| २७. | २०८२।०९।२४ | करुणाकर ओझा | खगेन्द्र बोहरा | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| २८. | २०८२।१०।१३ | विष्णुराज जोशी | प्रकाश जोशी | आवश्यक कारवाही गरी | आ.काका लागि जिल्ला प्रहरी कार्यालय | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पाउँ। | डडेल्धुरामा लेखि पठाईएको । | |
| २९. | २०८२।११।०१ | शेर बहादुर बिष्ट | गणेश बहादुर बिष्ट | आवश्यक कारवाही गरी पाउँ। | आ.काका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा लेखि पठाईएको । | |
| ३०. | २०८२।१२।११ | गन्यापधुरा गा.पा. वडा नं. ४ र ५ | स्थानीय पूर्वाधार विकास योजना | आवश्यक कारवाही गरी पाउँ। | आ.का.का लागि सक्कलै निबेदन स्थानीय पूर्वाधार विकास आयोजनामा पठाइएको | |
| ३१. | २०८३/०१/२१ | पुष्कर शाही | सरस्वती माध्यामिक विद्यालय | जमिन अतिक्रमण । | नापी कार्यालय डडेल्धुराको टोलीले नापजाँच गरी समस्या समाधान भएको । | |
| ३२. | २०८३/०१/२२ | अमरगढी न.पा. ७ का आम जनता | पोखरा खा.पा. उपभोक्ता समिति | आवश्यक कारवाही गरि पाउ । | आ.का. लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरामा पठाइएको । | |
| ३३. | २०८३/०१/३० | कुमारी बैंक लि. डडेल्धुरा | साउद आटोमोटिभ्स | गाडी खिची आवश्यक सहयोग गरि दिने बारे । | आ.का लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा पठाइएको । | |
| ३४. | २०८३/०२/०४ | धन बहादुर बोहरा | पुजा लेली | मोवाइल बैंकिङ ह्याक भई पैसा ट्रान्सफर भएको । | आ.का लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा पठाइएको । | |
| ३५. | २०८३/०२/०४ | सजन तामाङ्ग | DV Gap काठमाडौं | तलब नदिई जागिरबाट हटाएको । | आ.का लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा पठाइएको । | |
| ३६. | २०८३/०२/२९ | गौरी घर्तिमगर साउद | हिरेन्द्र सिंह | आवश्यक कारवाही गरि पाउ । | आ.का लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा पठाइएको । | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३७. | २०८३/०३/२३ | अशोक कुमार शर्मा | तिर्थ राज जोशी | आवश्यक कारवाही गरि पाउ । | आ.का लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा पठाइएको । | |

**५) मिति २०८२।०४।०१ गते देखी २०८३ असाढ मसान्तसम्म विपद् भएको समयमा विभिन्न प्रकोपका कारण भौतिक तथा मानविय क्षति भएका व्यक्तिहरुलाई तत्काल उद्धार र राहत वितरणको विवरण**

| सि.नं. | नामथर | ठेगाना | घटना मिति | प्रकोपको प्रकार | प्रकोपबाट भएको क्षतिको विवरण | बुझि लिएको राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | इन्द्र राज भट्ट | गन्यापधुरा १ डडेल्धुरा | २०८२।०३।२१ | बर्षाका कारण बाढी पहिरो | पहिरोका कारण घर आगन क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| २. | अशिग्राम प्रा.वि. | अमरगढी ५ | २०८२।०४।२० | बर्षाका कारण बाढी पहिरो | पहिरोका कारण विद्यालयको आगन क्षति | पहिरो रोकथामका लागि आका. गर्न सामाजिक विकास कार्यालयमा सिफारिस गरिएको । | |
| ३. | पदम बहादुर ऐर | नवदुर्गा १ डडेल्धुरा | २०८२।०४।१२ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| ४. | बिर बहादुर ऐर | नवदुर्गा १ डडेल्धुरा | २०८२।०४।१२ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सिफारिस गरिएको । | |
| ५. | प्रजापती दमाई | अजयमेरु ३ डडेल्धुरा | २०८२।०४।१४ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| ६. | धर्म सिंह ऐर | नवदुर्गा १ डडेल्धुरा | २०८२।०३।२० | बर्षाका कारण बाढी पहिरो | पहिरोका कारण खेती योग्य जमिन क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| ७. | पार्वती देवी लुहार | अमरगढी ७ डडेल्धुरा | २०८२।०४।०३ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| ८. | देव सिंह ऐर | अजयमेरु १ डडेल्धुरा | २०८२।०४।१९ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | आवश्यक सहयोगका लागि अजयमेरु गा.पा. सिफारिस गरिएको । | |
| ९. | लक्ष्मी ऐर | अजयमेरु १ डडेल्धुरा | २०८२।०४।१९ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | आवश्यक सहयोगका लागि अजयमेरु गा.पा. सिफारिस गरिएको । | |
| १०. | भिम बहादुर ऐर | अजयमेरु १ डडेल्धुरा | २०८२।०४।१९ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | आवश्यक सहयोगका लागि अजयमेरु गा.पा. सिफारिस गरिएको । | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| .११. | मोहन सिंह ऐर | अमरगढी २ डडेलधुरा | २०८२।०४।२६ | बाढी पहिरो | कुखुराको खोर र खेतवारीमा क्षति | आवश्यक सहयोगका लागि भेटेरिनरी अस्पतालमा सिफारिस गरिएको । | |
| १२ | टेक बहादुर ऐर | नवदुर्गा १ डडेल्धुरा | २०८२।०४।२८ | बाढी पहिरो | घर भत्कि क्षति | सहुलियत दरको काठ उपलब्ध गराई दिन डि.व.का. डडेल्धुरालाई सिफारिस गरिएको । | |
| .१३. | पदम राज उप्रेती | नवदुर्गा ३ डडेल्धुरा | २०८२।०५।२० | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| १४. | डम्बर बहादुर दियाल | अमरगढी १ डडेल्धुरा | २०८२।०४।२८ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| १५. | लक्ष्मी दत्त धिक्त | नवदुर्गा १ डडेल्धुरा | २०८२।०४।२८ | बाढी पहिरो | घर भत्कि क्षति | सहुलियत दरको काठ उपलब्ध गराई दिन डि.व.का. डडेल्धुरालाई सिफारिस गरिएको । | |
| १६. | मञ्जु खड्का | अमरगढी ५ डडेल्धुरा | २०८२।०४।२८ | बाढी पहिरो | घर आंगन क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सिफारिस गरिएको । | |
| १७. | पुजा रावल | नवदुर्गा ४ डडेलधुरा | २०८२।०४।२६ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | आवश्यक सहयोगका लागि नवदुर्गा गा.पा. सिफारिस गरिएको । | |
| १८. | जिल्ला निर्वाचन कार्यालय, | डडेल्धुरा | २०८२।०५।०५ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| १९. | अमर भाट | अमरगढी ६ डडेल्धुरा | २०८२।०५।०३ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| २०. | दलजित तिरुवा | अमरगढी ९ डडेल्धुरा | २०८२।०५।१६ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| २१. | सुरेन्द्र भाट | अमरगढी ६ डडेल्धुरा | २०८२।०५।०३ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालयमा सिफारिस गरिएको । | |
| २२ | चन्द्रकान्त जोशी | अमरगढी १ डडेल्धुरा । | २०८२।०५।१६ | बाढी पहिरो | घर भत्कि क्षति | आवश्यक सहयोगका लागि अमरगढी न.पा.मा सिफारिस गरिएको । | |
| २३. | धिरज जैरु | अमरगढी ५ डडेल्धुरा | २०८२।०५।१५ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| २४. | प्रकाश पन्त | अमरगढी ५ डडेल्धुरा | २०८२।०५।१५ | बाढी पहिरो | घर आंगन क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| २५. | पदम राज पन्त | अमरगढी ५ डडेल्धुरा | २०८२।०५।१५ | बाढी पहिरो | घर आंगन क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| २७. | कैलपाल मन्दिर | अजयमे १ डडेल्धुरा | २०८२।०५।१८ | बाढी पहिरो | मन्दिर आंगन र खेतवारीमा क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८. | मोहन सिंह ऐर | अमरगढी २ डडेल्धुरा | २०८२।०५।१५ | बाढी पहिरो | घर आंगन क्षति | बाढी पहिरो रोकथामका लागि अमरगढी न.पा. र भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| २९. | मोहन प्रसाद धिक्त | नवदुर्गा १ डडेल्धुरा | २०८२।०५।१८ | बाढी पहिरो | घर आंगन क्षति | बाढी पहिरो रोकथामका लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयमा सिफारिस गरिएको । | |
| ३०. | मनु देवी टमटा | अमरगढी १ डडेल्धुरा | २०८२।०५।१७ | बाढी पहिरो | घर आंगन क्षति | आवश्यक सहयोगका लागि अमरगढी न.पा. मा सिफारिस गरिएको । | |
| ३१ | गणेश प्रसाद पाण्डेय | अमरगढी ४ डडेल्धुरा | २०८२।१०।१५ | बर्षाका कारण बाढी पहिरो | पहिरोका कारण घर आगन क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयमा सिफारिस गरिएको । | |
| ३२ | गणेश बहादुर ऐर | अमरगढी १ डडेल्धुरा । | २०८२।११।२७ | आगलागी | बिजुलीको तार सट भई कोल्ड स्टोर भित्रका | आवश्यक राहत उपलब्ध गराई दिन अमरगढी न.पा. र कृषि ज्ञान केन्द्र | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सामानहरु जली नष्ट । | डडेल्धुरामा सिफारिस गरिएको । | |
| ३३. | गणेश प्रसाद पनेरु | अमरगढी ४ डडेल्धुरा | २०८२।१२।२५ | बाढी पहिरो | घर आंगन क्षति | पहिरो रोकथामका लागि आवश्इक तारजालीका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| ३४. | तेज राज जोशी | अमरगढी २ डडेल्धुरा | २०८२।०३।२१ | बर्षाका कारण बाढी पहिरो | पहिरोका कारण घर आगन क्षति | पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयमा सिफारिस गरिएको । | |
| ३५. | कृष्ण देव भट्ट | गन्यापधुरा १ डडेल्धुरा । | २०८२।०४।२० | बर्षाका कारण बाढी पहिरो | पहिरोका कारण कृषि योग्य जग्गा क्षति | बाढी,पहिरो रोकथामका लागि तारजाली उपलब्ध गराई दिन भू तथा जलाधार व्यवस्थापन कार्यालयमा | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| . | | | | | | सिफारिस गरिएको । | |
| ३६ | गोविन्द राज पाण्डेय | अमरगढी ८ डडेल्धुरा | २०८२।०४।१२ | बाढी पहिरो | घर आंगन र खेतवारीमा क्षति | बाढी पहिरो रोकथामका लागि जलस्रोत तथा सिंचाई विकास कार्यालयमा सिफारिस गरिएको । | |
| ३७ . | लाल सिंह भण्डारी लगायत १० जना | अजयमेरु-६ डडेल्धुरा | २०८३/०१/२८ | वर्षा र हावाहुरी | घरवास र घरहरु जोखिममा रहेका | भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई तारजालीका लागि सिफारिस गरिएको | |
| ३८ . | भुवन पुजारा | अमरगढी -४ डडेल्धुरा | २०८३/०२/१४ | वर्षा | वर्षाका कारण घर अगाडीको पर्खाल क्षति | अमरगढी न.पा.मा राहतका लागि सिफारिस गरिएको । | |
| ३९ | हरि प्रसाद अवस्थी | नवदुर्गा - २ डडेल्धुरा | २०८३/०२/१४ | वर्षा | वर्षाको भेलले पहिरो गइ | जलस्रोत तथा सिंचाई विकास डिभिजन | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | घर आगन र शौचालयमा क्षति | कार्यालयलाई तारजालीका लागि सिफारिस गरिएको | |
| ४० | भिम राज ओझा | अमरगढी -५ डडेल्धुरा | २०८३/०२/१९ | हावाहुरी | हावाहुरीको कारण भान्साघरको छाना उडाएको | अमरगढी न.पा.मा राहतका लागि सिफारिस गरिएको । | |
| ४१ | मोहनराज पाठक | अमरगढी -५ डडेल्धुरा | २०८३/०२/१९ | हावाहुरी | हावाहुरीको कारण घरको छाना उडाएको | अमरगढी न.पा.मा राहतका लागि सिफारिस गरिएको । | |
| ४२ | प्रेमलाल भट्ट चेतराम भट्ट | गन्यापधुरा-१ डडेल्धुरा | २०८३/०२/२२ | हावाहुरी | हावाहुरीको कारण घरको छाना उडाएको | गन्यापधुरा गा.पा.मा राहतका लागि सिफारिस गरिएको । | |
| ४३ | राम प्रसाद अवस्थी | नवदुर्गा - २ डडेल्धुरा | २०८३/०३/०२ | वर्षा | खोलाको पानीले पहिरो गइ | भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | घर र शौचालयमा क्षति | तारजालीका लागि सिफारिस गरिएको | |

७) यस कार्यालयको विभिन्न शिर्षकमा विनियोजन भएको वार्षिक बजेट, खर्च र राजश्वको विवरणः

| बजेट शिर्षक | वार्षिक बजेट | निकाशा | खर्च | कैफियत |
|---|---|---|---|---|
| चालु खर्च | २,०८,०१,६८०।- | १,७३,१८,३७९।५२ | १,७३,१८,३७९।५२ | |
| पुजीगत खर्च | ३६,०५,०००।- | ३१,८१,११३/- | ३१,८१,११३/- | |
| कुल जम्माः | २,४४,०६,६८०।- | २०,४,९९,४९२।५२ | २०,४,९९,४९२।५२ | |

यस कार्यालयबाट असुली गरेको राजश्व विवरणः

| विवरण | रकम (रु.) |
|---|---|
| राहदानी वापत | ७७,७५,०००।- |
| सरकारी सम्पत्ति बेचबिखन (लिलाम बिक्री) | - |
| संघ संस्था दर्ता/नवीकरण | ८४,८००।- |
| परीक्षा शुल्क | ४,२००।- |
| प्रशासनिक दण्ड जरिवाना | ८८,०००।- |
| हातहतियार नवीकरण | १,५९,९२५।- |
| जम्माः | ८१,११,९२५।- |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## ८) यस जिल्लाको शान्ति सुरक्षाः

यस जिल्लाको शान्ति सुरक्षा अमनचयन कायम राखी आम सर्वसाधारण जनताको जीउ धनको उचित सुरक्षा प्रवन्ध मिलाउन हाल जिल्लामा रहेको मौजुदा सुरक्षा निकायहरुलाई समन्वयात्मक ढंगले परिचालन गराई भरपर्दो त्रुटीरहित सुरक्षा व्यवस्था मिलाईएको छ ।

## ९) सडकको निर्माण तथा सुधार कार्यः

सडकको निर्माण तथा सुधार कार्यः सडक भिजिन कुलपाते अन्तर्गत यस जिल्लामा सञ्चालित भात्काडा रेल सडकको ठेक्का भई निर्माण कार्य सुरु हुन नसकी अवरुद्ध भई रहेकोमा प्र.जि.अ.को पहलमा सो सडकको निर्माण सञ्चालन गरी हाल निर्माणाधिन अवस्थामा रहेको छ र यस जिल्लाको सदरमुकाममा रहेको साघुरो सडकका कारण यातायात सेवामा भएको असहज अवस्थालाई मध्यनजर राखी यस जिल्लाको बागबजारको जिरो प्वाईन्ट देखी उग्रतारा मन्दिरको मुल गेट सम्मको सडक दांयाबांया १५/१५ मिटरमा रहेको घरजग्गाहरुको मुआब्जा निर्धारण गरी पिडित व्यक्ति परिवाहरुलाई मुआब्जा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ र सो सडक खण्डमा पर्ने घर जग्गा खाली गर्ने क्रममा रहेको छ ।

## १०) गत आ.व.को फैसलाः

यस कार्यालयबाट गत विगत आ.व.मा फैसला भएका मुद्दाहरुमा बक्यौता रहेको दण्ड जरिवाना रकम असुल उपर गर्ने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

## ११) राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ताः

राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता गर्न आउने बृद्ध बृद्धाका लागि निशुल्क रुपमा स्वास्थ्य परिक्षण गर्न डडेल्धुरा अस्पतालसंग समन्वय गरी जिल्ला प्रशासन कार्यालय भित्रै स्वास्थ्य सिविर सञ्चालन गरिएको छ ।

## १३) मनसुनी बर्षाका कारण अवरुद्ध रहेका सडकः

मनसुनी बर्षाका कारण अवरुद्ध रहेको भिम दत्त राजमार्ग, डा. के.आई.सिंह राजमार्ग, बुडर जोगबुडा राजमार्ग लगायत यस जिल्ला भित्रका अन्य मुख्य तथा सहायक राजमार्ग र ग्रामिण सडकहरु समेत सरोकारवालासंग समन्वय गरी अवरुद्ध सडक/राजमार्गहरुलाई तत्काल सुचारु गरी यातायात सेवा सञ्चालनमा ल्याइएको छ ।

## १४) समस्या तथा सुझावहरुः

- जिल्लामा समग्र शान्ति सुरक्षाको अवस्था सामान्य रहे तापनि समय समयमा हुने राजनैतिक असमझदारीका कारण जनतामा एक किसिमको मनोवैज्ञानिक संन्त्रास उत्पन्न भएको देखिन्छ । सबै जसो विकास निर्माणका कार्यहरु समझदारी र मेलमिलापका साथ सम्पन्न भएका छन् भने कुनै योजनाहरु गाउँ स्तरमा साधारण

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

विवादका कारण विवादित भएको देखिन्छ । यस्ता किसमका विवादहरु सामाधान गर्न सर्वपक्षीय रुपमा छलफल गरि विवादित योजनाहरुलाई स्थलगत निरिक्षण गरी समस्या सामाधान गर्ने प्रयास गरिएको छ । प्रचलित कानून विपरित भएका काम कारवाही उपर कानून बमोजिम कारवाही भएको छ ।

- यस जिल्लाको भित्री मधेश क्षेत्रमा पर्ने रंगुन खोलाले प्रत्येक वर्षको वर्षायाममा बाढी तथा नदी कटानले बर्षेनी पुर्‍याउने करोडौंको जनधनको क्षतीको न्यूनीकरणका लागि नदी नियन्त्रण लगायत वृक्षारोपणका कार्य गर्नु पर्ने देखिन्छ ।
- यस जिल्लाको आधा जनसंख्या रहेको भित्री मधेश स्थित साविक जोगबुडा, शिर्ष, आलिताल गा.वि.स हाल परशुराम न.पा. र आलिताल गा.पा. क्षेत्रमा जाने आउने एकमात्र बाटो बुडर-जोगबुडा कच्ची बाटोमा बाढी पहिरोले आवागमनमा बारम्बार बाधा पुर्‍याउने गरेकोले उक्त बाटो पक्की गर्दै उक्त सडकलाई पहाडी मार्गबाट तराई जोड्ने बैकल्पिक सडकको रुपमा कंचनपुरको दैजी सम्म पक्कि सडक बनाइनु पर्ने देखिन्छ ।
- यस जिल्लाका सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रमा डोजरको प्रयोग गरी सडक निर्माण गर्ने कार्यले वातावरणमा ठूलो असर पर्नुका साथै पानीका मूलहरु सुक्ने र राष्ट्रिय राजमार्ग तथा महत्वपुर्ण राजमार्गमा ठूलो क्षति, बर्षायाममा बाढी पहिरो गई ठूलो धनजनको क्षति हुने प्रवल संभावना रहेकाले तत्काल यस तर्फ सचेत रही गुरु योजना निर्माण गरेर मात्र सडक निर्माण कार्य गर्नु पर्ने देखिन्छ ।
- सार्वजनिक पर्ती जग्गा संरक्षण तथा अतिक्रमण हटाउन स्थानीय तहसंग समन्वय गरी कार्य अगाडी बढाउदा समेत अझै प्रभावकारी हुन नसकेकाले यस सम्बन्धमा स्थानीय तहहरुलाई बढी जिम्मेवार बनाईएमा सार्वजनिक पर्ती जग्गा संरक्षण तथा अतिक्रमण हटाउन/खाली गर्न सहज हुने देखिन्छ ।

## १५) अन्य चुनौतीहरु

- भित्री मधेश क्षेत्रका बिशेष गरी आलीताल गाउपालिका र परशुराम न.पा. क्षेत्रमा अन्य पहाडी जिल्लाबाट बसाइ सराई गरी बसोबास गर्ने ठूलो रोगका कारण वन जंगल अतिक्रमण हुनका साथै वन बिनाश हुदै गएकाले बसाइ सराईलाई व्यवस्थित गराईनु पर्ने देखिन्छ । यस्ता बसाइ सरी आउने विविध खाले समुदाय तथा पृथक पृथक पृष्ठभूमीबाट आएका व्यक्तिहरु हुने भएकाले असमझदारी, झगडा तथा अपराधिक गतिबिधिहरु बढिरहेका छन ।
- यस जिल्लामा दलित तथा हलिया समुदायको उल्लेख्य जनसंख्या रहेकोले उक्त समुदायमा विद्यमान गरिबी, अशिक्षा, कमजोर चेतनास्तर तथा परम्परागत खानपीनका कारण आर्थिक अवस्थालाई माथी उठाउन कठिन भएको ।
- यस जिल्लाको झण्डै ७५ प्रतिशत भूभाग जंगलले ढाकिएकोले विपद् सम्बन्धि चुनौती अन्तर्गत आगजनी, डढेलो, विद्युत सट, बन्यजन्तुको आक्रमण लगायतका समस्या रहेका छन् ।
- बिद्युत तथा टेलीफोन सेवामा प्रायः जसो प्राविधिक तथा प्राकृतिक कारणले भैरहने अवरोध ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

- प्रत्येक बर्ष बर्षायाममा बिशेषगरी भित्री मधेश क्षेत्रमा आउने बाढी पहिरो तथा हिउद याममा धनगढी डडेल्धुरा राजमार्ग (भिमदत्त राजमार्ग, डा. के. आई.सिंह राजमार्ग तथा दशरथ चन्द राजमार्गमा पटक-पटक पर्ने बाक्लो हिमपातको प्रकोप ।
- ट्राफिक प्रहरीको न्यून संख्याको कारणले बढ्दो ट्राफिक नियमको उल्लङ्घन तथा बढीरहेको सवारी दुर्घटना उपर न्यूनिकरण गर्न आवश्यक नियन्त्रण तथा अनुगमनमा कठिनाइ ।
- जिल्लामा वन फडानीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा अनियमितता उपर कारवाही हुन यस कार्यालयबाट गरिएका अनुरोध, सिफारिसहरु उपर कार्यान्वयनमा सम्बन्धित निकायको ध्यान जानु जरुरी देखिन्छ ।
- यस जिल्लामा स्थापना भएको डडेल्धुरा अस्पताल यस प्रदेशमा रहेका ७ वटा पहाडी जिल्लाको केन्द्रमा रहेको सेवा प्रवाह समेत ७ वटै जिल्लाका बासिन्दाहरुले लिने गरेको परिप्रेक्ष्यमा उक्त अस्पतालमा आवश्यक उपकरण र दक्ष जनशक्तिको अभावले स्वास्थ्य सेवा प्रभावित भई सर्वसाधारणले ठूलो सास्ती खेप्नु परेको छ ।
- विगतको सशस्त्र द्वन्दको क्रममा आम सर्वसाधारणले राज्यको आवहानमा बुझाईएका इजाजत प्राप्त हतियार हालसम्म फिर्ता हुन नसकेको र त्यस्ता हातहतियारहरु नविकरण समेत गर्न नसकेकोले आम सर्व साधारणहरुको गुनासो दिन प्रतिदिन बढ्दै गएको र स्थानीय तहहरुलाई हातहतियार नविकरण गर्ने अधिकार नभए पनि हालसम्म पनि कतिपय इजाजत प्राप्त हतियारहरु स्थानीय तहबाटै नविकरण भई यसै आ.व. बाट नविकरण गर्न यस कार्यालयमा आउने इजाजत पत्र नविकरण गर्दा साविकमा गरिएको नविकरणलाई मान्यता दिने नदिने सम्बन्धमा द्विविधा सृजना भई इजाज पत्र नविकरण गर्न कठिनाई उत्पन्न भएको छ ।

## १६) समस्या र समाधानका लागि गरिएका प्रयासहरु :

क) कार्यालय प्रमुखको बैठक: प्रत्येक महिनाको पहिलो हप्ताभित्रमा कार्यालय प्रमुखको बैठकको आयोजना गरी कार्यालयका विद्यमान समस्याहरु र समाधानका उपायहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीति निर्देशनहरु सम्बन्धमा जानकारी, कार्यालयका कार्यक्रम र प्रगति र जिल्लाका समसामयिक विषयहरुमा छलफल गरी अघिल्ला बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा प्रगती बारे बैठकमा छलफल तथा आगामी दिनका लागि रणनीति तय गरी विभिन्न निर्णय गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

ख. कार्यालय कर्मचारी बैठक: प्रत्येक महिनाको १ पटक जिल्ला प्रशासन कार्यालयका सम्पूर्ण कर्मचारीहरु उपस्थित भै कार्यालयको वार्षिक कार्ययोजना, भौतिक अवस्था, सुधारका सम्भावना, कर्मचारीका व्यक्तिगत समस्याहरु, आचरण, अनुशासन र कार्यालयबाट प्रवाह गरिने सेवाहरुका सम्बन्धमा छलफल तथा निर्णयहरु गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ ।

ग. गै.स.स.हरुको Profile तयारी: डडेल्धुरा जिल्लामा दर्ता भै हालसम्म नविकरण गरिएका गै.स.स.हरुको नाम, ठेगाना, दर्ता मिति, मूख्य कार्यक्षेत्र, उद्देश्य, एवं आ.व. २०८२/०८३ मा प्रस्तावित कार्यक्रमहरुको विवरण र

प्रमुख जिल्ला अधिकारी

संचालित कार्यक्रमहरुको अवस्था बारेको गै.स.स. Profile तयार गरिएको छ र विगत ५ बर्ष देखि नविकरण तथा प्रगती विवरण पेश नगर्ने ३०७ वटा गै.स.स.हरु खारेज गरी कार्यालयको अभिलेख व्यवस्थापन गरिएको छ ।

घ. <u>समयभित्र सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरुको विवरण संकलन:</u> यस जिल्ला भित्र विभिन्न निकायहरुद्वारा संचालित विकास आयोजनाहरु मध्ये समय भित्र सम्पन्न हुन नसकी रुग्ण बन्न पुगेका आयोजनाहरुको विवरण संकलन गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी आयोजना पुनः सुचारु गरी सम्पन्न हुने वातावरण निर्माण गर्ने प्रयास गरिएको छ ।

ङ. <u>सूचना अधिकारीहरुको बैठक र सञ्चार कार्य:</u> यस जिल्लाका सम्पूर्ण कार्यालय (सार्वजनिक संस्थान समेत) मा तोकिएका सूचना अधिकारीहरु र सञ्चारकर्मीहरुको बैठक प्रत्येक ३/३ महिनामा बस्ने गरी निर्णय भई सो बमोजिम बैठक आयोजना गरी सूचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम सूचना अधिकारीले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व विषयमा सू-सूचित गरिएको साथै सूचना अधिकारीहरुको विवरण अद्यावधिक गरी जिल्ला प्रशासन कार्यालयको web page मार्फत समेत सार्वजनिक गरिएको छ ।

च. <u>स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरु बिच समन्वय बैठक सम्पन्न:</u> यस जिल्लाका ७ (सात) वटै स्थानीय तहहरुसंग सबै सुरक्षा निकायका प्रमुखहरु सहितको समन्वय बैठक आयोजना गरी जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम गर्ने, विकास निर्माणलाई थप प्रभावकारी बनाउने, विभिन्न किसिमका सरुवा रोगको रोकथाम र नियन्त्रणका थप उपायहरु अबलम्बन गर्ने, सार्वजनिक जग्गा र सम्पत्तिहरुको संरक्षण गर्ने, प्राकृतिक स्रोत साधनको उचित संरक्षण र परिचालन गर्ने तथा दुरुपयोग हुन नदिने, जुवातास, लागु औषध, अवैध मदिरा नियन्त्रण गर्ने लगायतका विषयमा छलफल तथा निर्णयहरु भई कार्यान्वयनमा तिव्रता दिईएको छ ।

छ. <u>सर्वपक्षीय बैठक:</u> लागु औषधको सेवन, बिक्री बितरण तथा ओसार पसारलाई पूर्ण रुपले बन्देज गर्न तथा लागु औषधले समाजमा पुर्‍याएको अपराधिकरणलाई न्यूनिकरण गर्न जिल्लामा उपस्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, सर्वसाधारण तथा सरोकारवाला निकायका पदाधिकारीहरुको सहभागितामा विस्तृत छलफल भई यस जिल्लालाई लागु औषधको सेवन, बिक्री वितरण तथा ओसार पसारलाई बन्द गर्न आ-आफ्नो तर्फबाट साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सोही बैठकबाट जिल्लामा लागु औषध नियन्त्रण लगायतका गैरकानुनी काम कारवाहीलाई निरुत्साहित गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ ।

ज. <u>कार्यालयलाई थप सेवाग्राही मैत्री बनाइदै:</u> जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा सेवा लिन आउने नागरिकहरुको हित र सुविधालाई ध्यानमा राखी अधिकतम सेवाग्राही मैत्री कार्यालय बनाउने प्रयास स्वरुप, तातो चिसो पिउने पानीको व्यवस्था, कार्यालय परिसरलाई Free WiFi Zone, सेवाग्राही प्रतिक्षालय, Help Desk, चार्जिङ स्टेशन, हुलाक टिकट काउन्टर, स्तनपान कक्ष, लिखित र Digital नागरिक वडापत्रको व्यवस्था, राष्ट्रिय परिचय पत्र लिन आउने सेवाग्राहीका लागि यस कार्यालयबाट निःसुल्क रुपमा फाराम भर्ने व्यवस्था मिलाइनुका साथै सेवाग्राही सन्तुष्टी सर्वेक्षणका लागि आफ्नो कार्यालयसंग सम्बन्धित सेवाहरुलाई मध्यनजर गरी निश्चित फाराम तयार गरी कार्यालय हाता भित्र सेवाग्राही सन्तुष्टी सर्वेक्षणका लागि पेटिकाको व्यवस्था गरी सुझाव संकलन गरी सोही अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाईएको छ ।

प्रमुख जिल्ला अधिकारी

झ. <u>अवरुद्ध राजमार्ग सुचारुः</u> यस जिल्लामा रहेको मुख्य मुख्य मुख्य राजमार्गहरुमा मनसुनी बर्षाका कारण आउने बाढी पहिरो तथा हिउदयाममा परेको हिमपातका कारण अबरुद्ध हुना साथ स्थानीय तहहरुसंग समन्वय गरी तत्काल डोजर र जनशक्ति परिचालन गराई सो सडक खण्डहरुमा तत्काल यातायात सेवालाई सूचारु गरिएको छ ।

ञ. <u>राहत र उद्धारः</u> हिमपात र चिसो कारण यस जिल्लाका सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर नपर्ने व्यवस्थाका लागि यस जिल्लाका सबै पालिकाहरुसंग समन्वय गरी राहत उद्धार तथा सचेतना मुलक कार्यक्रमहरु गरिएका छ ।

ट. <u>BOP स्थापनाः</u> डडेल्धुरा जिल्लाको भारतसँग सीमानामा पर्ने परशुराम न.पा. वडा नं. ८ र भागेश्वर गा.पा. वडा नं. १ गरी थप दुई स्थानमा BOP स्थापना भएको र सो को लागि स्थानीय तह सँगको समन्वयमा तत्काल भवन र अन्य न्यूनतम पूर्वाधार र साधन स्रोत व्यवस्थापन गरिएको साथै BOP को संख्या कुल ५ वटा पुर्याइएको छ । BOP तातापानीका लागि यसै आ.व.मा जग्गा खरिद गरी भवन निर्माण हुने क्रममा रहेको छ ।

ठ. <u>विपद् व्यवस्थापन योजनाः</u> मनसुन, शितलहर, आगलागि, चटयाङ, महामारी आँधी प्रतिकार्य आपतकालिन कार्य योजना, २०८३ तयार पारी कार्यान्वयनमा ल्याईएको छ । DPRP २०८२ लाई परिमार्जित हुने कार्य थालनी गरिएको छ । संभावित विपद व्यवस्थापनका लागि जिल्ला प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानिय विपद् व्यवस्थापन समिति, सबै स्थानिय तहहरु, पत्रकार, नागरिक समाज, जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतका सबै कलष्टरहरुलाई तयारी अवस्थामा राखिएको छ ।

ड. <u>सुरक्षा व्यवस्थाः</u> जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार जिल्ला सुरक्षा समितिको बैठक राखी सुरक्षाको उचित प्रवन्ध मिलाईएको छ ।

ढ. <u>अनुगमन तथा निरीक्षणः</u> सरकारी निकायबाट जनतालाई प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी वनाउन जिल्ला स्थित सरकारी र गैर सरकारी निकायहरुको आवश्यकता अनुसार निरीक्षण अनुगमन भैरहेको छ ।

ण. <u>स्थानीय तह समन्वयः</u> स्थानीय तहहरुबाट हुने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जि.स.स./न.पा. तथा गांउपालिकाका प्रमुख एवं प्रमुख प्रशासकिय अधिकृतज्यूसंग पटक पटक समन्वय बैठक राखी आवश्यक निर्णय गराई कार्यान्वयनको पहल भएको ।

त. <u>सरसफाई तथा बजार नियमनः</u> फोहरमैला व्यवस्थापन, खानेपानी वितरण, वन फडानी नियन्त्रण, बजार अनुगमन, विद्युत आपुर्ति, मदिरा नियन्त्रण, लागु औषध नियन्त्रण आदि विषयमा कार्ययोजना बनाई सरोकारवालासंग आवश्यक अन्तरकृया/बैठक गरी विभिन्न निर्णयहरु गराई कार्यान्वयनको पहल गरिएको छ ।

थ. <u>सचेतनामुलक कार्यक्रमः</u> यस जिल्लाका सबै स्थानीय तहहरुमा कम्तिमा एक पटक शान्ति सुरक्षा, अपराध नियन्त्रण, सेवा प्रवाह, सिफारिस सम्बन्धि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

द. <u>लागु औषध नियन्त्रणः</u> लागु औषध नियन्त्रण, नियमन, बिक्री बितरण ओसार पसारलाई यस जिल्लामा पूर्ण रुपमा रोक लगाउन नियन्त्रण नियमन गर्न ठांउ ठांउमा सचेतना मुलक कार्यक्रम, अन्तक्रिया, गस्ति पेट्रोलिङलाई बढावा दिईएको छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

ध. <u>सवारी दुर्घटना नियन्त्रणः</u> सवारी दुर्घटनालाई न्यूनिकरण तथा यातायात सेवालाई सहज र सरल बनाउन राजमार्ग चेकजांचलाई प्रभावकारी बनाईएको छ ।

न. <u>विमा प्रथम विन्दु निरन्तरताः</u> डडेल्धुरा अस्पताललाई विमाको प्रथम विन्दु सेवा दिनबाट हटाईएकोमा सर्वदलिय सर्वपक्षिय बैठक वसी सबै स्थानीय तहमा आधारभूत अस्पताल निर्माण नहुँदा सम्म प्रथम विन्दु सेवा कायम राख्न अनुरोध गरिएको र विमा बोर्डबाट आगामी असोज मसान्तसम्म प्रथम विन्दुको सेवा प्रदान गर्न स्वीकृति प्राप्त भएको।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

## १७) सारांश :

जिल्लामा शान्ति सुरक्षाको अवस्थालाई थप सुदृढ गर्न सरकारी तथा गैर सरकारी निकायबाट हुने सेवा प्रवाहलाई थप जनमुखी एवं एकद्धार प्रणालीबाट सरल छिटो छरितो, पारदर्शी बनाउन तथा विकास निर्माणको कार्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न सरोकारवाला निकाय/पदाधिकारी विच बैठक अन्तरकृया छलफल गरी आवश्यक निर्णय गराई कार्यक्रमको अनुगमन मुल्यांकन भै रहेको छ । जिल्लामा राजनैतिक दल, नागरिक समाज, पत्रकार उद्योगी व्यापारी बीच सर्वपक्षीय बैठक राखी सुझाव लिई जिल्लामा सुशासन कायम गर्न आवश्यकता अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्न प्रयत्न गरिएको छ ।

तयार गर्नेः
जनक राज पन्त
ना.सु.
जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

प्रमाणित गर्नेः
अमर बहादुर वली
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी